शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྲིད་ཁྲབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

सालदाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल


## <u>सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि १५ (पन्ध्र) दिने सूचना</u>

**(प्रथम पटक सूचना प्रकाशित मितिः–२०८३/०४/०४)**

यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने स्वास्थ्य तर्फ सशर्त अनुदान स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अनुसार **"म स्वास्थ,मेरो समुदाय स्वास्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम"** का लागि देहायको संख्या र योग्यता भएका कर्मचारी करार सेवामा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलिपल्ट) कार्यालय समयमा दरखास्त शुल्क तिरेको बैंक भौचर वा नगदि रसिद सहित दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | २/२०८३/८४ | जनस्वास्थ्य अधिकृत | सातौं | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | १ |

**क) जनस्वास्थ्य अधिकृतका लागि शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरिक,
२. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने,
३. न्यूनतम योग्यताः– नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी काउन्सिल दर्ता भएको,
४. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,
५. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको,

**(ख) सेवा,सुविधाः** - गाउँपालिकाको निर्णयानुसार।

**(ग) परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता।

**(घ) दरखास्त दिने स्थानः** शे-फोक्सुण्डो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (स्वास्थ्य शाखा) डोल्पा।

**(ङ) दरखास्त दिने अन्तिम मितिः** २०८३/०४/१८ गते।

**(च) दरखास्त दस्तुरः** रु.२००० (दुइ हजार मात्र)




Phone: 9858390116/ Email: ito.shephoksundomun1@gmail.com / website: www.shephoksundomun.gov.np

**(छ) दरखास्त दस्तुर जम्मा गर्ने खाताको नाम, खाता नं. र बैंकः–** शे-फोक्सुण्डो गाउँपालिकाको आन्तरिक राजश्व खाता (**खाताको नामः GA-1-1 ANTARIK RAJASHWO KHATA/ खाता नं. 1650133537700071 / बैंकः– Prabhu Bank Ltd) मा रकम जम्मा गरी बैंक भौचर पेश गर्न सकिने वा** कार्यालयमा रकम जम्मा नगदि रसिद लिन सकिने।

**(ज) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः** आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः-

१. नेपाली नागरिकता, २. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, ३. २ (दुई) प्रति पासपोर्ट साइजको फोटो, ४. अनुभव प्रमाणपत्र (भएमा) ५.संलग्न आवेदन फाराम २ प्रति

**(झ) परीक्षा सञ्चालन मिति र स्थानः** सूचना मार्फत जानकारी गराइनेछ ।

**(ञ) अन्यः** दरखास्त पेश गर्दा Hard Copy को हकमा गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको आधिकारीक इमेल ठेगाना *ito.shephoksundomun1@gmail.com* मा समेत दरखास्त पेश गर्न सकिनेछ । इमेलमार्फत दरखास्त पेश गर्ने उम्मेदवारले दरखास्त पेश गर्ने अवधिको अन्तिम दिनको भोलिपल्ट कार्यालय समयभित्र उल्लेखित कागजात सहित कार्यालयमा उपस्थित हुनुपर्नेछ।

***अन्य जानकारीका लागिः– स्वास्थ्य शाखा प्रमुख श्री रण बहादुर बुढा (९८४८३०३४५९)***

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**श्री सूचना प्रविधि शाखाः** *सूचना वेवसाइटमा अपलोड गर्ने, कार्यालयको सूचना पाटी तथा अन्य सार्वजनिक स्थलमा टाँस गर्ने।*